# सामुदायिक विद्यालयको शैक्षिक सुदृढीकरण कार्यक्रमसम्बन्धी कार्यविधी, २०७५

दुप्चेश्वर गाउँपालिकाको शैक्षिक विकासको लागि सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न विद्यालयहरुमा शैक्षिक सुदृढीकरण कार्यक्रम सञ्चालनको लागि कानून बनाउन आवश्यक भएकोले दुप्चेश्वर गाउँपालिकाको शिक्षा नियमावली, २०७५ को नियम ८२ (३) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधी बनाईएको छ।

**खण्ड १. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस कार्यविधीको नाम "सामुदायिक विद्यालयको शैक्षिक सुदृढीकरण कार्यक्रमसम्बन्धी कार्यविधी, २०७५" रहेको छ ।

१.२ यो कार्यविधी कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

१.३ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

क. "शैक्षिक सुदृढीकरण कार्यक्रम" भन्नाले सामुदायिक विद्यालयले कुनै खास शैक्षिक सत्रको लागि विद्यालयको शैक्षिक स्तर अभिबृद्धि गर्ने उद्देश्यले बनाएकोलक्ष्यसहितको कार्ययोजना र त्यसको प्रभावकारी कार्यान्वयन समेतलाई जनाउनेछ।

ख. "कार्यविधी" भन्नालेसामुदायिक विद्यालयलाई शैक्षिक सुदृढीकरणसम्बन्धी कार्यविधी, २०७५सम्झनु पर्नेछ।

ग. "भौतिक पूर्वाधार निर्माण" भन्नाले विद्यालयको लागि भवन निर्माण तथा मर्मत, कक्षाकोठा तथा पुस्तकालय, खेलमैदान, पर्खाल, शौचालय वा अन्य कुनै निर्माण तथा मर्मतको कार्यलाई जनाउनेछ।

घ. "शिक्षा समिति" भन्नाले शिक्षा नियमावली, २०७५ को नियम २४ बमोजिमको शिक्षा समिति सम्झनुपर्नेछ।

ङ. "अध्यक्ष" भन्नाले दुप्चेश्वर गाउँकार्यपालिकाको अध्यक्षलाई जनाउनेछ।

च. "व्यवस्थापन समिति" भन्नाले शिक्षा नियमावली, २०७५ को नियम २६ बमोजिमको समितिलाई जनाउनेछ।

छ. "समिति" भन्नाले सामुदायिक विद्यालयमा रहने शैक्षिक सुदृढीकरण समिति समझनुपर्नेछ।

ज. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दुप्चेश्वर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले खटाएको अधिकृत स्तरको कर्मचारीलाई सम्झनुपर्नेछ।

झ. "शिक्षा शाखा प्रमुख" भन्नाले दुप्चेश्वर गाउँपालिकाको शिक्षा शाखा हेर्ने शिक्षा शाखा प्रमुख, विद्यालय निरीक्षक वा स्रोत व्यक्तिलाई सम्झनुपर्नेछ।

ञ. "सभा" भन्नाले दुप्चेश्वर गाउँपालिकाको गाउँ सभा सम्झिनु पर्नेछ ।

**खण्ड २. शैक्षिक सुदृढीकरण कार्यक्रम**

२.१ सामुदायिक विद्यालयहरुले शैक्षिक सुदृढीकरणको लागि लक्ष्यसहितको शैक्षिक सुदृढीकरण कार्यक्रम तयार शिक्षा शाखामा पेश गर्न सक्नेछन्। शैक्षिक सुदृढीकरण कार्यक्रम स्वीकृतिको लागि समितिले देहायानुसारको एक वा एक भन्दा बढी शीर्षकमा कार्यक्रम तयार गरीगाउँपालिकामा पेश गर्नुपर्नेछ।

क. अंग्रेजी/गणित/विज्ञान शिक्षण सुदृढिकरण कार्यक्रम

ख. अंग्रेजी माध्यमबाट पठनपाठन गराउने कार्यक्रम

ग. विशेष आवश्यकताका बालबालिकालाई विशेष किसिमले अध्यापन गराउने कार्यक्रम

घ. स्थानीय स्तरमा शैक्षिक सामग्री निर्माण तथा उपयोग कार्यक्रम

ङ. आर्थिक रुपमा विपन्न परिवारका बालबालिकाको लागिनिशुल्क कोचिङ क्लास चलाउने कार्यक्रम

च. प्रविधिमैत्री कक्षाकोठा निर्माण कार्यक्रम

छ. अतिरिक्त क्रियाकलापसम्बन्धी कार्यक्रम

ज. विद्यार्थीको कक्षा छोड्ने प्रबृत्ति(Dropouts) घटाउन सहयोग पुग्ने कार्यक्रम

झ. विद्यार्थी घरदैलो कार्यक्रम

ञ. विद्यार्थीलाई शैक्षिक भ्रमण लैजाने वा बृत्तचित्र देखाउने कार्यक्रम

ट. शिक्षक तालिमसम्बन्धी कार्यक्रम ·

ठ. बाल मनोबैज्ञानिक परामर्श सेवा कार्यक्रम

ड. आत्म अनुशासनका लागि योग शिक्षा कार्यक्रम

ढ. श्रव्य दृष्य सामग्रीयुक्त कक्षाशिक्षण कार्यक्रम

ण. प्रारम्भिक बालविकाससम्बन्धी कार्यक्रम

त. अतिरिक्त समयमा कक्षा सञ्चालन कार्यक्रम

थ. जीबनोपयोगी सीप शिक्षा कार्यक्रम

द. मातृभाषा शिक्षण कार्यक्रम

ध. आधारभुत कम्प्युटर शिक्षा कार्यक्रम

न. विद्यालय खेलकूद विकास कार्यक्रम

ऩ. समितिले आवश्यकता महशुष गरी पेश गरेको अन्य कुनै कार्यक्रम

२.२ शिक्षा समितिमा पेश भएको कुनै कार्यक्रम शैक्षिक सुदृढीकरणको कार्यक्रम हो वा होइन भन्ने विषयमा विवाद भएमा शिक्षा समितिको संयोजक, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा शाखा प्रमुख सम्मिलित ३ सदस्यीय कार्यदलले अध्ययन गरी दिएको निर्णय अनुसार हुनेछ।

## खण्ड ३. शैक्षिक सुदृढीकरणसमिति

३.१ सामुदायिक विद्यालयमा शैक्षिक सुदृढीकरणसम्बन्धी कार्य गर्नको लागि देहाय बमोजिमको समिति हुनेछ।

क. सम्बन्धित विद्यालयको प्रधानाध्यापक - संयोजक

ख. व्यवस्थापन समितिका सदस्यहरुबाट व्यवस्थापन समितिको अध्यक्षले तोकेको १ जना - सदस्य

ग. विषय शिक्षकहरुमध्येबाट प्रधानाध्यापकले तोकेको २ जना - सदस्य

घ. खेलकुद शिक्षक/अतिरक्त क्रियाकलाप संयोजक/पुस्तकालय प्रमुख मध्येबाट प्रधानाध्यापकले तोकेको १ जना - १ जना

ङ. सम्बन्धित विद्यालयको सहायक प्रधानाध्यापक - सदस्य-सचिव

३.२ शैक्षिक सुदृढीकरणसम्बन्धी कार्य गर्नको लागि गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको समिति हुनेछ।

क. प्रत्येक शैक्षिक सत्रको लागि शैक्षिक सुदृढीकरणको लागि लक्ष्यसहितको कार्य योजना तयार गर्ने ।
ख. शैक्षिक सुदृढीकरणको योजना बमोजिम कार्यक्रमको लागि समय तालिका र लागत अनुमान पेश गर्ने।
ग. विद्यालयमा उपलब्ध जनशक्ति वा प्रविधिलेगर्न नसक्नेकार्यक्रमको लागि परामर्शवा अन्य सेवा आवश्यकता भए कार्यक्रम पेश गर्ने चरणमा नैंउल्लेख गर्ने।
घ. शैक्षिक सुदृढिकरण कार्यक्रमलाई आर्थिक रुपले बोझिलो नबनाई स्पष्ट र मापनीय ढंगले पेश गर्ने।
च. शैक्षिक सुदृढिकरणसम्बन्धी कार्यक्रम समयमै स्वीकृत गराउने र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने
छ. शैक्षिक सुदृढीकरण कार्यक्रमको चौमासिक प्रगति प्रतिवेदन शिक्षा शाखामा पेश गर्ने।
ज. व्यवस्थापन समिति र शिक्षा शाखासँग समन्वय गरी शैक्षिक सुदृढीकरणसँग संम्बन्धित अन्य कार्यहरु गर्ने।

३.३ शैक्षिक सुदृढीकरण समितिले प्रत्येक शैक्षिक सत्रको शुरुको महिनाभित्र आआफ्नो विद्यालयको लागि शैक्षिक सुदृढिकरण कार्यक्रमसम्बन्धी प्रस्ताव अनुसूची १ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ।

३.४ गाउँपालिकाको पहिलो सभा बस्ने अवधीसम्म शैक्षिक सुदृढीकरण कार्यक्रमको प्रस्ताव पेश नगरेको वा प्रस्ताव पेश गरी स्वीकृत नभएको विद्यालयको हकमा यो कार्यविधिको व्यवस्था उक्त शैक्षिक सत्रका लागि लागु हुनेछैन।

३.५ शैक्षिक सुदृढीकरण कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गर्दा विद्यालयको आन्तरिक आम्दानी तथागैह सरकारी संघसंस्था, जनश्रमदान वा अन्य कुनैपक्षबाट प्राप्त हुने बित्तीय वा प्राविधिक सहयोगलाई समेत आधार मानिनेछ।

खण्ड ४.भौतिक पूर्वाधार निर्माणसम्बन्धी विशेष व्यवस्था

४.१विद्यालयको भौतिक पूर्वाधार निर्माणको लागि छुट्टाइएको रकम शैक्षिक सुदृढीकरणमा खर्च गर्न पाइने छैन। भौतिक निर्माणको लागि छुट्टाइएको रकम सोही शीर्षकमा मात्र खर्च गर्नु पर्नेछ।

४.२ सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माणको हकमा अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

खण्ड ५.विविध

५.१ यस कार्यविधीमा उल्लेखित व्यवस्था अनुसार सामुदायिक विद्यालयले समितिद्वारा समयमै शैक्षिक सुदृढीकरणको कार्यक्रम पेश गर्न लगाउनु र कार्यक्रम स्वीकृत भएपछि त्यसको प्रभावकारी कार्यान्वयन गराउने दायित्व सम्बन्धित विद्यालय व्यवस्थापन समितिको हुनेछ।

५.२ यो कार्यविधी संशोधन गर्ने अधिकार गाउँकार्यपालिकालाई रहनेछ।

अनुसूची १

(कार्यविधीको खण्ड ३ को ३.३ सँग सम्बन्धित)

खण्ड १. विद्यालयसम्बन्धी विवरण

क) विद्यालयको नामः-

ख) विद्यालय रहेको स्थानः-

ग) विद्यालयको प्रकारः- (अ) ०+८ (आ) ०+१० (इ) ०+१२ (ई) अन्य

घ) जम्मा विद्यार्थी संख्याः-

चालु शैक्षिक सत्रको कक्षागत विद्यार्थी संख्या तालिका

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा१० |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

ङ) जम्मा शिक्षक संख्याः-

शिक्षकको दरबन्दी अवस्था

| तह/प्रकार | दरबन्दी | स्थायी | राहत | करार | निजी श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| पूर्व प्राथमिक | | | | | | |
| प्राथमिक | | | | | | |
| नि.मा.वि. | | | | | | |
| मा.वि. | | | | | | |
| उच्च मा.वि. | | | | | | |

च) शिक्षक विद्यार्थी अनुपातः-

छ) विद्यालयको भौतिक अवस्थाः-

अ. भवन संख्या

आ. कक्षा कोठा संख्या

इ. कक्षा कोठाको प्रकार

ई. खेलमैदान

उ. पर्खालिको अवस्था

ऊ. पुस्तकालय

ऋ. शौचालय

ऌ. शैक्षिक सामग्रीको उपलब्धता

ए. अन्य

ज) विद्यालयको शैक्षिक पक्ष

अ. गत शैक्षिक सत्रको एस.ई.ई. (अथवा अन्तिम कक्षाको अन्तिम परीक्षा) को परिणाम

जम्मा परिक्षार्थी उर्तीणसंख्या अनुर्तीणसंख्या

आ) अन्य कक्षाको विवरणः जम्मा परीक्षार्थी उर्तीण प्रतिशत अनुर्तीण प्रतिशत

इ) अतिरिक्त क्रियाकलाप र खेलकुदमा प्राप्त सफलता भएमा उल्लेख गर्ने

झ) विद्यालयको आर्थिक पक्ष

अ) विद्यालयको आन्तरिक आम्दानी हालसम्मकोः- गत वर्षकोः-

आ) गैह्र सरकारी क्षेत्रको सहयोगः-

खण्ड २ कार्यक्रमसम्बन्धी विवरण

क) कार्यक्रमको नामः-

ख) कार्यक्रमका लक्ष्य र उद्देश्यहरु

अ) कार्यक्रमको लक्ष्यः-

आ) कार्यक्रमको उद्देश्यहरुः

ग) कार्यक्रमका विविध पक्षहरुः-

अ. कार्यक्रमको आवश्यकता पहिचान (कार्यक्रम किन आवश्यक छ? भन्ने सम्बन्धमा बुँदागत रुपमा उल्लेख गर्ने)

आ. कार्यक्रमको कानूनी पक्ष (नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघीय शिक्षा ऐन, शिक्षा सम्बन्धी स्थानीय ऐन, नियम र कार्यविधीमा उल्लेखित व्यवस्था)

इ. कार्यक्रमको आर्थिक पक्ष (विद्यालयको आन्तरिक श्रोत, स्थानीय सरकारको अनुदान, अन्य पक्षको सहयोग, जनश्रमदान, म्याचिङ फण्ड, आदि)

ई. कार्यक्रमको प्रशासनिक पक्ष (शिक्षा समिति, शिक्षा शाखा, व्यवस्थापन समिति, सुदृढीकरण समिति, आदि)

उ. कार्यक्रमको प्राविधिक पक्ष (कार्यक्रमको लागि आवश्यक प्रविधि, शैक्षिक सामग्री, आदि)

ऊ. कार्यक्रमको अन्य पक्ष (कार्यक्रमको लागि आवश्यक परामर्श वा अन्य सेवा, आदि)

घ) कार्यक्रम लागु हुने शैक्षिक सत्रः-

ङ) कार्यक्रम कार्यान्वयन कार्ययोजना (कार्यक्रम शुरु हुने मिति, सम्पन्न हुने मिति, कार्यक्रमको लागि आवश्यक जनशक्ति, नियुक्तिको आधार-सेवा परामर्श/स्वंयसेवा, कार्यक्रमको लागि आवश्यक प्राविधिक सहयोग, कार्यक्रम सञ्चालन गर्ने निकाय, खरिद गर्नुपर्ने भएमा खरिद विधि र योजना, परामर्श सेवा प्रदायकको नाम, कूल लागत, आदि)

च) अनुगमन र मूल्यांकनसम्बन्धी व्यवस्था

छ) कार्यक्रमका सम्भावित उपलब्धीहरु

ज) कार्यक्रमका सम्भावित जोखिमहरु

झ) कार्यक्रमका चुनौति र अवसरहरु

## अनुसूची २

### कार्यक्रम स्वीकृतिको लागि पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु

१. सम्बन्धित विद्यालयमा रहेको समितिको निवेदन

२. विद्यालय अनुमति र स्वीकृतिको प्रमाणित प्रतिलिपी

३. सम्बन्धित विद्यालय व्यवस्थापन समिति र विद्यालय रहेको वडाको सिफारिस

४. अनूसूची १ बमोजिमको कागजातहरु